मितिः २०८२/०३/०८

समयः बिहान ८.०० बजे

स्थानः नागार्जुन नगरपालिका

नागार्जुन नगरपालिकाका कार्यवाहक नगर प्रमुख श्री सुशिला अधिकारीज्यूको अध्यक्षतामा यस नगरपालिका नगर कार्यपालिकाको नियमित बैठक तपसिलमा उल्लेखित पदाधिकारीहरूको उपस्थितीमा बसि देहायको निर्णय गरियो ।

तपसिलः-

| सि.नं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री सुशिला अधिकारी | कार्यवाहक नगर प्रमुख | |
| २ | श्री महेश रिमाल | प्रवक्ता एवम् वडा अध्यक्ष वडा नं. ५ | |
| ३ | श्री रामेश्वर लामा | वडा अध्यक्ष, वडा नं १ | |
| ४ | श्री थुमराज के.सी. | वडा अध्यक्ष, वडा नं २ | |
| ५ | श्री उमेश लामा | वडा अध्यक्ष, वडा नं ३ | |
| ६ | श्री लक्ष्मीराम शर्मा पौडेल | वडा अध्यक्ष, वडा नं ४ | |
| ७ | श्री देवेन्द्रराज गिरी | वडा अध्यक्ष, वडा नं ६ | |
| ८ | श्री शैलेन्द्र लामा | वडा अध्यक्ष, वडा नं ७ | |
| ९ | श्री सुरज कुमार पोखरेल | वडा अध्यक्ष, वडा नं ८ | |
| १० | श्री रामकृष्ण भट्टराई | वडा अध्यक्ष, वडा नं ९ | |
| ११ | श्री सुन्दर बहादुर के.सी. | वडा अध्यक्ष, वडा नं १० | |
| १२ | श्री शोभा नेपाली | नगरकार्यपालिका सदस्य | |
| १३ | श्री इशु खड्का | नगरकार्यपालिका सदस्य | |
| १४ | श्री कल्पना बसेल | नगरकार्यपालिका सदस्य | |
| १५ | श्री हुम्जला राई | नगरकार्यपालिका सदस्य | |
| १६ | श्री चन्दा सुनार | नगरकार्यपालिका सदस्य | |
| १७ | श्री अम्बिका सुनचिउरी गजमेर | नगरकार्यपालिका सदस्य | |
| १८ | श्री रमेश बसेल | नगरकार्यपालिका सदस्य | |
| १९ | श्री शिव प्रसाद रिजाल | प्रमुख प्रशासकीय अधिकृत एवम् सदस्य सचिव | |

# निर्णयहरू:

निर्णय नं. १

गत मिति २०८१/०२/१३ गते बसेको नगर कार्यपालिकाको बैठकको निर्णयहरू कार्यान्वयनको सम्बन्धमा समिक्षा गरियो ।

निर्णय नं. २

योजना सञ्चालन सम्बन्धमा छलफल गर्दा विभिन्न मितिमा वडा कार्यालयहरू मार्फत केही योजना तथा कार्यक्रमहरू नगरी नहुने र तत्काल नगर्दा थप क्षति हुन सक्ने भनी सम्बन्धित वडा समितिको निर्णयानुसार आ.व. २०८१/८२ को वार्षिक नगर सभाबाट स्वीकृत योजना तथा कार्यक्रमहरूको शीर्षक परिवर्तन (रकमान्तर) गरी संचालन गरीएका योजनाहरूलाई अनुमोदन गर्न सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

चालु आ.व.मा जनप्रतिनिधि तथा महिला स्वास्थ्य स्वयसेविका, बाल विकास सहजकर्ता, प्राधानाध्यापक र कर्मचारीहरूले खाईपाई आएको सेवा सुविधा, बिमा तथा इन्धन सुविधालाई गत आ.व.कै अनुपातमा हुने गरी आगामी आ.व. २०८२/०८३ मा समेत निरन्तरता दिने निर्णय गरियो । साथै आगामी आ.व.मा स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीमा वार्षिक विकास कार्यक्रम पुस्तिका तयारी तथा प्रविष्टिमा खटिने कर्मचारीहरूलाई प्रोत्साहन स्वरूप एक महिनाको तलब भत्तावापतको रकम उपलब्ध गराउने निर्णय गरियो । नागार्जुन नगरपालिकामा कार्यरत सेवा करार तथा मासिक ज्यालादारीमा कार्यरत कर्मचारीहरूको हाल खाईपाई आएको सेवा सुविधालाई निरन्तरता दिई आगामी २०८३ साल असार मसान्तसम्म म्याद थप गरी कामकाजमा लगाउने निर्णय गरियो ।

निर्णय नं. ४

नगर सभाको तयारीको समयमा कार्यालय समय भन्दा अतिरिक्त साँझ, बिहान तथा बिदाको दिनमा समेत खटिएका पदाधिकारी नगर प्रमुख, उपप्रमुख तथा पदाधिकारी, उच्च कार्य बोझ भएका कर्मचारीहरूलाई प्रोत्साहन स्वरूप गत आ.व.को अनुपातमा नै हुने गरी नगर सभा तयारी भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ५

यस नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को अन्तिम लेखा परिक्षणबाट कायम हुन आएको नियमित गर्ने बेरूजु रकम रू.२,४१,२४,७०२.७८/- (अक्षरूपी दुई करोड एकचालिस लाख चौबिस हजार सात सय दुई रूपैंया अठहत्तर पैसा) लेखा समितिबाट समेत नियमितको लागि सिफारीस भई आएकोले उक्त बेरूजु रकम नियमित गर्न नगर सभामा पेश गर्ने निर्णय गरियो । साथै आ.व. २०८०/०८१ को महालेखा परिक्षकको कार्यालयबाट प्राप्त अन्तिम लेखा परिक्षण प्रतिवेदन माथि छलफल गरियो ।

निर्णय नं. ६

नागार्जुन नगरपालिकाको नवौं नगर सभाबाट स्वीकृत भएका संलग्न म.ले.प.फाराम नं. ३०४ बमोजिमका (सूची बेग्लै रहेको) योजना तथा कार्यक्रमहरू संलग्न म.ले.प.फाराम नं. ३०४ को सूचीमा रहेका योजना तथा कार्यक्रममा संशोधन/रकमान्तर/स्रोतान्तर/शीर्षकान्तर गर्नको लागि पेश भए बमोजिम संशोधन/रकमान्तर/स्रोतान्तर/शीर्षकान्तर गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

नागार्जुन नगरपालिका वडा नं. ५, ७ र ८ बाट मिति २०८२/०२/१६ गते मनसुनजन्य विपतबाट हुन सक्ने जोखिमलाई न्यूनीकरण गर्न साईड ड्रेन खोल्ने भनि निवेदन प्राप्त भएकोमा सो कार्य गर्नको लागि रोजगार सेवा केन्द्रमा सूचीकरण भएको बेरोजगार व्यक्तिलाई निम्न बमोजिमको आयोजनामा काम गर्ने लगाउने र आगामी नगर सभाबाट अनुमोदन गर्न व्यवस्था मिलाउने निर्णय गरियो ।

तपसिल:

१. वडा नं. ५ भित्रको साईडड्रेन सरसफाई कार्यक्रम,
२. वडा नं. ७ भित्रको साईडड्रेन सरसफाई कार्यक्रम,
३. वडा नं. ८ भित्रको साईडड्रेन सरसफाई कार्यक्रम,

निर्णय नं. ८

आ.व. २०८२/०८३ को लागि रोजगार सेवा केन्द्रमा निवेदन दिएका मध्ये रित पुरा भएको ६८ जना बेरोजगार व्यक्तिहरूलाई सूचीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

नागार्जुन नगरपालिकाको न्यायिक समितिबाट भएका काम कारवाहीको वार्षिक प्रतिवेदन पारित गरी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

नागार्जुन नगरपालिकाको आ.व. २०८२/०८३ को लागि रजिष्ट्रेशन हुने लिखतमा थैली अंक कायम गर्ने प्रयोजनको लागि मालपोत ऐन, २०३४ को दफा ८ (२) तथा मालपोत नियमावली, २०३६ (संशोधन सहित) को नियम ५ (ख) को प्रावधान बमोजिम न्यूनतम मूल्य निर्धारण गरी पठाउनको लागि श्री मालपोत कार्यालय कलंकीको प.सं. २०८१/०८२, च.नं. ८८२७, मिति २०८२/०२/०४ गतेको पत्रबाट लेखि आएकोले यस नगर कार्यपालिकाको आ.व. २०८२/०८३ को लागि संलग्न सूची बमोजिम न्यूनतम मालपोत मूल्यांकन प्रस्ताव गरी श्री मालपोत कार्यालय, कलंकीमा पठाउने निर्णय गरियो ।

निर्णय नं. ११

हाल संघीय सरकार तथा प्रदेश सरकार अन्तर्गत खुल्ला तर्फ इञ्जिनियरको छैठौं तह नरहेको हुँदा प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरू सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९ बमोजिम उक्त पद तह वृद्धिबाट मात्र हुने भएकाले सातौं तहमा विज्ञापन हुने गरेको साथै प्रदेश लोकसेवाबाट छैठौं तहमा विज्ञापन भई नियुक्ति भएका इञ्जिनियरहरूलाई सातौं तह कायम गर्ने निर्णय भएको सन्दर्भमा यस नगरपालिकामा विगतदेखि छैठौं तहमा कार्यरत करार सेवाका सम्पूर्ण इञ्जिनियरहरूको तह सातौं कायम गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

बजेट तथा कार्यक्रम तर्जुमा समितिको मिति २०८२/०३/०७ गतेको निर्णयानुसार पेश हुन आएको संलग्न नीति तथा कार्यक्रम नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

नागार्जुन नगरपालिकाको तपसिलमा उल्लेखित ऐनलाई पारित गरी स्वीकृतिका लागि आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

तपसिलः

पारित गर्नु पर्नेः

(क) नागार्जुन नगरपालिकाको आर्थिक ऐन, २०८२

(ख) नागार्जुन नगरपालिकाको विनियोजन ऐन, २०८२

संशोधन गर्नु पर्नेः

(ग) नागार्जुन नगरपालिकाको खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयक, २०८०

निर्णय नं. १४

नागार्जुन नगरपालिकामा अख्तियार दुरूपयोग अनुसन्धान आयोग लगायतका संवैधानिक निकायहरू, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय लगायत संघीय सरकारका मन्त्रालय तथा निकायहरू, मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लगायत बागमती प्रदेश सरकार अन्तर्गतका विभिन्न मन्त्रालय तथा निकायहरूबाट समय समयमा प्राप्त सुझाव तथा निर्देशनहरू माथि छलफल गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. १५

संवैधानिक एवम् कानूनी प्रावधान अनुसार विद्यालय शिक्षामा समतामूलक पँहुच सहितको गुणस्तरीय शिक्षा प्रदान गर्नको लागि आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा निःशुल्क घोषणाका लागि वागमति प्रदेश,शिक्षा विकास निर्देशनालय हेटौंटाबाट प्राप्त विनियोजित बजेट शीर्षकको परिधिभित्र रही कार्य योजना अनुसारका कार्यहरु समयमा नै सम्पन्न भइ सबै वडा कार्यालय,विद्यालय तथा सामुदायिक अध्ययन केन्द्रहरुबाट ४-१३ वर्ष उमेर समुहका कुनै पनि बालबालिकाहरु विद्यालय शिक्षा भन्दा बाहिर नरहेको भनि विभिन्न मितिमा वडा घोषणा भइ विवरण प्राप्त भएको, नगर शिक्षा समितिको मिति २०८२/०२/२७ गतेको निर्णयानुसार नागार्जुन नगरपालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा निःशुल्क घोषणाका लागि नगर कार्यपालिकामा सिफारिस गर्ने निर्णय भएको हुँदा उक्त उमेर समूहका सबै बालबालिकाहरु विद्यालय शिक्षा भन्दा बाहिर नरहेको सुनिश्चतता गरी आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा निःशुल्क घोषणा गर्ने निर्णय गरियो ।

निर्णय नं. १६

यस नगरपालिका अन्तर्गत निम्न वडाहरूमा वर्षातको सयममा पानीको भेलको कारण ढल, मंगल बिग्रीएको तथा सडक ग्रावेल गर्नको लागि सम्बन्धित वडा कार्यालयबाट कायदिशमा कार्य सञ्चालन गर्नको लागि लेखि आएकोले प्रकोप व्यवस्थापन कोषमा विनियोजित बजेटबाट खर्च हुने गरी कायदिश दिईएको तथा तपसिलमा उल्लेखित कार्यहरू सञ्चालन गर्ने निर्णय गरियो ।

तपसिलः

| सि.नं. | विवरण | रकम रू. |
|---|---|---|
| १ | युवा समाज क्लब अगाडि भद्रमती खोलामा तारजाली, वडा नं. ५ | ९९,९३८.८६ |
| २ | सहदेव गोतामेको घर निर बाटो स्तरोन्नती, वडा नं. ३ | ९९,८२२.९५ |
| ३ | गौतम टोल भित्री सडक ग्रावेल, वडा नं. ७ | ९९,०२६.९३ |
| ४ | इचंगुनारायण मन्दिर पछाडि वाल, परोपकार दान विभाग अगाडि कुलो खोल्ने कार्य, वडा नं. ३ | ९९,९०० |
| ५ | रेसुभिल्ला जाने सडक नजिक ढल, मंगल तथा सडक मर्मत कार्य, वडा नं. १ | ९८,११०.९९ |
| ६ | दानी डाडाँ जाने बाटो पहिरो व्यवस्थापन, वडा नं. ८ | ९९,८५७.६१ |
| ७ | वडा नं. ९ स्तनपान कक्ष निर्माण | ९९,९०० |
| ८ | ढल मर्मत विपद्, वडा नं. २ को लागि DWC Pipe खरिद | ५,००,००० |

निर्णय नं. १७

नागार्जुन नगरपालिकाबाट ठेक्का आहानबाट संचालन भईरहेका आयोजनाहरुको विभिन्न कारण समयमा सम्पन्न हुन नसकेका तपशिल बमोजिमका योजानाहरु तथा परामर्श कार्यहरुको म्याद थप गर्ने निर्णय गरीयो। तपसिलः

| क्र.स | योजनाहरुको विवरण | निर्माण व्यवसायी /परामर्शदाता को नाम | म्याद थपको विवरण | कैफियत |
|---|---|---|---|---|
| १ | **Nagarjun/NCB/W/30/2080-81 Ward No 6 Lupang, Singaripati, Jayantigaun and Aananda Awas Area Road Upgrading Works** | **L.N.M Nirman Sewa Kathmandu** | असार १५ गते सम्म | |

निर्णय नं. १८

चालु आ.व २०८१-८२ मा स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत बोलपत्र प्रकियामा गएका यस आ.वमा सम्पन्न हुन नसक्ने यसै साथ संलग्न सूची वमोजिमका योजनाहरुको सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ७ बमोजिम बहु-वर्षीय खरिद गुरु योजना स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. १९

यस नगरपालिका अन्तर्गत वडा नं. ७ स्थित श्री सरश्वती आधारभूत विद्यालयले मालपोत कार्यालय, कलंकीमा दर्ता कायम रहेको साविक डाडाँपौवा रामकोट गा.वि.स. वडा नं. ३ हाल नागार्जुन नगरपालिका वडा नं. ७ कित्ता नं. १५१ को क्षेत्रफल ११-७-०-० जग्गामा भवन निमार्ण भई वि.सं. २०३६ साल देखि सञ्चालन हुँदै आईरहेकोमा हाल उक्त कित्ता भित्र भौतिक निर्माण लगायत अन्य कार्यहरू सञ्चालन गर्दा सरकारी तथा गैर सरकारी सहयोगको लागि विद्यालयको नाममा जग्गा हुनुपर्ने भएकोले माथि उल्लेखित कित्ता जग्गा विद्यालयको नाममा दर्ताको लागि सिफारीस पाउँ भनि दिएको निवेदन अनुसार निवेदकको माग बमोजिम प्रचलित नियमानुसार सम्बन्धित निकायमा सिफारीस गर्ने निर्णय गरियो ।

निर्णय नं. २०

यस नगरपालिका अन्तर्गत वडा नं. ५ साविक सितापाईला गा.वि.स. वडा नं. ५ मा रहेको घट्टेपाँखासँगैको कित्ता नं. ४२६ सिट नं. १०२१०६१०८ को जग्गामा ५ नं. वडा कार्यालय भवन निर्माण गर्नको लागि उल्लेखित सार्वजनिक जग्गा नेपाल सरकारको नाममा कायम गर्नको लागि मालपोत कार्यालय, कलंकीमा सिफारीस गर्ने निर्णय गरियो ।

निर्णय नं. २१

यस नगरपालिकामा राष्ट्रिय वाणिज्य बैंकको शाखा आवश्यक भएकोले उल्लेखित बैंकको शाखा स्थापना गर्नको लागि सम्बन्धित निकायमा पत्राचार गर्ने निर्णय गरियो ।

## नागार्जुन नगरपालिका आर्थिक वर्ष २०८२/०८३ को अनुमानित आय विवरण:-

| आय अनुमान | | | | |
|---|---|---|---|---|
| सि.न. | शीर्षक | स्रोत | आ.व. २०८२/८३ (रु. हजारमा) | अक्षरूपी रू. |
| १ | वित्तीय समानीकरण अनुदान | संघीय सरकार | १९१५०० | उन्नाईस करोड पन्ध्र लाख |
| २ | सशर्त अनुदान | संघीय सरकार | ३४५७०० | चौतिस करोड सन्ताउन्न लाख |
| ३ | समपुरक अनुदान | संघीय सरकार | ३३९०० | तीन करोड उनन्चालिस लाख |
| ४ | विशेष अनुदान | संघीय सरकार | ३०३०० | तीन करोड तीन लाख |
| ५ | वित्तीय समानीकरण अनुदान | प्रदेश सरकार | १९८८८ | एक करोड अन्ठानब्बे लाख अठासी हजार |
| ६ | सशर्त अनुदान | प्रदेश सरकार | ८८६८७ | आठ करोड छयासी लाख सतासी हजार |
| ७ | समपुरक अनुदान | प्रदेश सरकार | १८००० | एक करोड असी लाख |
| ८ | विशेष अनुदान | प्रदेश सरकार | ६५०० | पैसठ्ठी लाख |
| ९ | घरजग्गा रजिष्ट्रेशन दस्तुर (मालपोत) | प्रदेश सरकार | ८००००० | असी करोड |
| १० | राजस्व बाँडफाँड (मु.अ.कर. र अन्त शुल्क समेत) | संघीय सरकार | १२६९०० | बाह्र करोड उनान्सत्तरी लाख |
| ११ | राजस्व बाँडफाँड (सवारी साधन कर) | प्रदेश सरकार | ५२९२४ | पाँच करोड उनान्तिस लाख चौबिस हजार |
| १२ | आन्तरिक स्रोत | न.पा. | ५५७८६९ | पच्पन्न करोड अठहत्तर लाख उनान्सत्तरी हजार |
| १३ | जि.स.स. खानेपानी निर्माण अनुदान | जि.स.स. काठमाडौं | २०००० | दुई करोड |
| १४ | लागत सहभागिता | जनसहभागिता | ५००० | पचास लाख |
| १५ | अनुमानित बैंक मौज्दात | न.पा. | १००००० | दश करोड |
| जम्मा | | | २३९७१६८ | दुई अर्ब उन्नाचालिस करोड एकहत्तर लाख अठसठ्ठी हजार |

# नागार्जुन नगरपालिका आर्थिक वर्ष २०८२/०८३ को अनुमानित व्यय विवरणः-

| व्यय अनुमान | | | | |
|---|---|---|---|---|
| सि.नं. | विवरण | स्रोत | रकम रू. (हजारमा) | अक्षरूपी रू. |
| १ | सशर्त अनुदान | संघीय सरकार | ३४५७०० | चौतिस करोड सन्ताउन्न लाख |
| २ | समपुरक अनुदान | संघीय सरकार | ३३९०० | तीन करोड उनान्चालिस लाख |
| ३ | संघीय समपुरक अनुदान म्याचिङ्ग | न.पा. | १३५६०० | तेह्र करोड छपन्न लाख |
| ४ | विशेष अनुदान | संघीय सरकार | ३०३०० | तीन करोड तीन लाख |
| ५ | सशर्त अनुदान | प्रदेश सरकार | ८८६८७ | आठ करोड छयासी लाख सतासी हजार |
| ६ | समपुरक अनुदान | प्रदेश सरकार | १८००० | एक करोड असी लाख |
| ७ | प्रदेश समपुरक अनुदान म्याचिङ्ग | न.पा. | ७२००० | सात करोड बिस लाख |
| ८ | विशेष अनुदान | प्रदेश सरकार | ६५०० | पैसठ्ठी लाख |
| ९ | चालु आ.व. बाट दायित्व सर्ने योजनाहरु | न.पा. | ५५०००० | पच्पन्न करोड |
| १० | वडा सिलिङ्ग | न.पा. | १०५००० | दश करोड पचास लाख |
| ११ | विषयगत शाखाको सिलिङ्ग बजेट | न.पा. | १७२८०० | सत्र करोड अठाईस लाख |
| १२ | प्रशासनिक खर्च | न.पा. | ३३१३३० | तेतिस करोड तेह्र लाख तिस हजार |
| १३ | नगरस्तरीय योजना तथा कार्यक्रम | न.पा. | ५०२३५१ | पचास करोड तेईस लाख एकाउन्न हजार |
| १४ | लागत सहभागिता | न.पा. | ५००० | पचास लाख |
| कुल जम्मा | | | २३९७१६८ | दुई अर्ब उन्नाचालिस करोड एकहत्तर लाख अठसठ्ठी हजार |

अनुसूचि-१

आर्थिक बर्ष २०८०।८१

निर्णय नं. ५ सँग सम्बन्धित

बेरुजु दफा ४३

नगरपालिकाले प्राप्त गरेको आन्तरिक आय तथा केन्द्रिय निकायबाट प्राप्त निकासा नगरपालिकाको क्षेत्राधिकार भित्र रहेको सार्वजनिक निर्माण तथा कल्याणकारी कार्यको लागि खर्च गर्नुपर्दछ । नगरपालिकाले संघीय निकायको कार्यालयको खर्च व्यहोर्ने कानूनी व्यवस्था नभएको यस बर्ष पालिकाले क्षेत्राधिकार नरहेको निम्न निकायलाई संबन्धित तालुक निकायको स्वीकृत वेगर खर्च रकम भुक्तानी गरेको रु.१८८१०१९।०० (अक्षरुपी अठार लाख एकासी हजार उन्नाईस मात्र) नियमसम्मत नदेखिएको भनि कायम भएको बेरुजु रु.१८८१०१९।०० को सन्दर्भमा आगामी दिनमा सार्वजनिक खरिद ऐन नियमको पूर्ण पालना गरी क्षेत्रधिकार रहेको निकायको लागि मात्र खर्च व्यहोरिने प्रतिबद्धता सहित उल्लेखित बेरुजु रकम रु.१८८१०१९।०० नियमितको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

बेरुजु दफा ४४

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा संबन्धी ऐन, २०७५ (संशोधन सहित) अनुसार सेवा सुविधा प्रदान गर्दा अनुसूचिको आधारमा मात्र दिनुपर्ने व्यबस्था छ । उक्त कानूनमा ईन्धन सुविधा पाउने पदाधिकारी र ईन्धन सुविधा पाउने परिमाण उल्लेख छ । नागार्जुन नगरपालिको कार्य संचालन निर्देशिका २०८० बमोजिम ईन्धन सुबिधा परिमाण उल्लेख गरेकोमा सो परिमाण र स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधा संबन्धी ऐनमा तोकिए भन्दा बढि परिमाण उल्लेख भएको देखियो । पालिकाका २० जना जनप्रतिनिधिलाई सुविधा संबन्धी ऐन भन्दा ४७४१ लिटर डिजेल परिमाणको औषत मुल्य रु.१५० का दरले रु.७१११५०।०० ईन्धन सुविधा भुक्तानी गरेको देखियो । नगरप्रमुख पालिकाको कामले प्रदेश राजधानी हेटौडा पटकपटक जानुपर्ने र उपप्रमुख तथा वडा अध्यक्ष योजना अनुगमनमा खटनुपर्ने हुँदा कानून बनाएर ईन्धन सुबिधा उपलब्ध गराएको छलफलको क्रममा जनाएको छ । सुविधा ऐन भन्दा फरक पारी कार्यसंचालन निर्देशिकामा ईन्धन परिमाण उल्लेख गर्न नमिल्ने हुँदा बढि ब्ययभार परेकोले नियमसम्मत नदेखिएको बेरुजु रु.७१११५०।०० (अक्षरुपी सातलाख एघार हजार एक सय पचास मात्र) को सन्दर्भमा आगामी आर्थिक बर्ष देखि प्रचलित सुविधा संबन्धी ऐनको परिधी भित्र रहि ईन्धन सुबिधा भुक्तानी दिने प्रतिबद्धता सहित एक पटकको लागि उल्लेखित बेरुजु रु.७१११५०।०० नियमितको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

बेरूजु दफा ४८

बिधुत महसुल समयमै तिरी रिवेट समेत लिनुपर्दछ । सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा २४ मा आफूले सम्पादन गर्ने काम निर्धारित समयमा नै सम्पादन गर्न आफैले पहल गर्ने उत्तरदायित्व जिम्मेवार पदाधिकारीको हुने व्यवस्था छ । तर पालिकाले समयमै बिधुत महसुल नतिरी ढिलो भुक्तानी गरेको रु.५२८६०१।९४ बिल रकम तथा जरिवाना स्वरुप ९९३०१।०१ थप दस्तुर सहित रु.६२७९०४।०० भुक्तानी गरेको छ । तसर्थ समयमै महसुल भुक्तानी नगरि थप दस्तुर तिरेको नियमसम्मत नदेखिएको बेरुजु रु.९९३०१।०० को सन्दर्भमा तत्कालिन समयमा आर्थिक कारोबारमा ढिलाई हुन गई थप दस्तुर तिर्नुपरेको अवस्था देखिएको र आगामी आर्थिक बर्षमा यस्तो कार्यमा संबन्धित ब्यक्तिलाई जिम्मेवार बनाईने प्रतिबद्धता सहित उल्लेखित बेरुजु रु.९९३०१।०० नियमितको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

बेरूजु दफा ५३

बागमती प्रदेश सरकारद्धारा प्रकाशित स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सेवा सुविधा संबन्धी ऐन,२०७५ (संशोधन सहित) मा स्थानीय तहका पदाधिकरीहरुले स्थानीय क्षेत्र भित्रका योजनाहरुको अनुगमन गर्ने कार्य वापत भत्ता उपलब्ध गराउने व्यवस्था नभएकोमा पालिकाको निर्णय बमोजिम पदाधिकारी तथा कर्मचारीलाई बिभिन्न योजना अनुगमन गरे बापत रु.६५९,५००।०० भुक्तानी गरेको नियमसम्मत नदेखिएको बेरुजु रु.६५९,५००।०० को सन्दर्भमा सो आर्थिक बर्षको स्वीकृत बजेटको परिधी भित्र रहि शैक्षिक सुशासनका लागि क्षमता विकास कार्यक्रम, प्रधानमन्त्री रोजगार कार्यक्रम र अन्य तालिम कार्यक्रम तथा योजना अनुगमन खर्च भुक्तानी भएको र आगामी आर्थिक बर्षमा यस्ता कार्यलाई निरुत्साहित गर्ने प्रतिबद्धता सहित रकम रु.६५९,५००।०० नियमितको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

बेरूजु दफा ६२

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ बमोजिम दश लाख रुपैयाको लागत अनुमान भएको मालसमान सोझै खरिद गर्न सकिने र नियम ८५ (१ख) बमोजिम एक आर्थिक बर्षमा एकै पटक वा पटकपटक गरि सिमा भन्दा बढि रकमको एउटै फर्म वा संस्थाबाट सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यस बर्ष निम्नानुसार खरिद गर्दा एक बर्षमा एउटै फर्मबाट दशलाख भन्दा बढिको सोझै खरिद गरेको उक्त खर्च नियमसम्मत नदेखिएको बेरुजु रु.८०,९३,५८८।०० को सन्दर्भमा तत्कालिन अवस्थामा परीक्षा प्रश्न पत्र जस्तो संवेदनशिल बिषय र केहि कार्यालयमा तत्काल गर्नुपर्ने कार्यको लागि सोझै खरिद भएको र यस खरिदबाट कुनै पनि व्यक्ति बिशेषलाई आर्थिक लाभ भै सरकारी हानीनोक्सानी भएको नदेखिनुका साथै आगामी दिनमा प्रचलित खरिद ऐन नियमावलीको पूर्ण पालना गरि खरिद विधिको अवलम्बन गरिने प्रतिबद्धता सहित उल्लेखित बेरुजु रकम रु.८०९३,५८८।०० नियमितको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**बेरूजु दफा ६९**

लघु उद्यम विकास कार्यक्रम निर्देशिका २०७७ को दफा ४१ अनुसार लघु उद्यमीलाई उपलव्ध गराउने प्रविधिको कूल लागतको कम्तिमा २० प्रतिशत रकम उद्यमी स्वयंले व्यहोर्नुपर्ने व्यवस्था छ । यस पालिकामा हस्तान्तरित प्रविधी मध्ये देहायका प्रविधिहरुको २० प्रतिशतले हुने रकम रु.१०४,६५२।०० राजस्व दाखिला गरेको प्रमाण नदेखिएकोले प्रमाण पेश गर्नुपर्ने बेरुजु रु.१०४६५२।०० को सन्दर्भमा बेरुजुमा उल्लेखित प्रवीधि हस्तान्तरणका कार्यक्रमहरुमा नगरपालिकाको आन्तरिक श्रोतको बजेट प्रयोग भएको र सो संबन्धमा नगरकार्यपालिकाबाट समेत शुन्य लागत सहभागितामा प्रविधि हस्तान्तरण गर्ने निर्णय भएअनुसार उल्लेखित कार्यक्रम कार्यान्वयन गरिएको र संघीय सरकारबाट प्राप्त लघु उद्यम विकास कार्यक्रमका प्रविधि हस्तान्तरण कार्यमा २० प्रतिशत लागत सहभागिताको अनिवार्यता कायमै रहेकोले उल्लेखित प्रविधि हस्तान्तरणको कार्यबाट कुनै व्यक्ति बिशेषलाई आर्थिक लाभ भै सरकारी हानी नोक्सानी भएको नदेखीएकोले उल्लेखित बेरुजु रकम रु.१०४६५२।०० नियमितको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**बेरुजु दफा ७३**

योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा १३ मा सामाजिक सुरक्षा योजनामा योगदान गरेको योगदानकर्ता कोषमा सुचिकरण भएको दिन देखि निज कोषले संचालन गर्ने सामाजिक सुरक्षा योजनामा सहभागी भएको मानिने उल्लेख छ । यस्तै दफा २१ मा सरकारी सेवामा बहाल रहेको व्यक्ति वा सरकारीकोषबाट पारिश्रमिक पाउने व्यक्तिको सुचिकरण संबन्धी व्यवस्था नेपाल सरकारले तोकेबमोजिम हुने उल्लेख छ । पालिकामा कार्यरत करार सेवाका कर्मचारीको तलवबाट ११ प्रतिशत रकम कट्टा गरि उक्त रकममा तलवको २० प्रतिशत रकम थप गरि हुन आउने तलवको ३१ प्रतिशत रकम सामाजिक सुरक्षाकोषमा दाखिला गरेको छ । यस बर्ष पालिकाले श्रावण देखि आषाढ सम्म निम्नानुसार ८९ जना करार कर्मचारीलाई पालिकाको तर्फबाट ६५१३८५५।७८ खर्च लेखेको छ । योगदानमा आधारित सामाजिक सुरक्षा कोष ऐन, २०७५ को दपा ६९ मा यस ऐनको कार्यान्वयन गर्न नेपाल सरकारले आबश्यक नियम बनाउन सक्ने व्यबस्था भएकोमा सो संबन्धी नियमहरु तयार भएको देखिदैन । तसर्थ उक्त खर्च भुक्तानी गर्न मिल्ने आधार पेश नभएकोले सो खर्च नियमसम्मत नदेखिएको बेरुजु रकम रु.६५१३८५५।७८ को सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ को उपदफा (५) को व्यवस्था बमोजिम उल्लेखित कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा अबद्धता गराउँदा उक्त कर्मचारीहरुको मनोबल बृद्धि भई प्रभावकारी सेवा प्रबाहमा थप टेवा पुग्ने देखिएकोले सामाजिक सुरक्षा कोषमा आबद्धता गरिएको आधारमा उल्लेखित बेरुजु रकम रु.६५१३८५५।७८ नियमितको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

Ambika

**बेरुजु दफा ७६.२**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ (१क) बमोजिम पच्चिसलाख रुपैयाको लागत अनुमान भएको औषधी जन्य उत्पादकले राष्ट्रिय स्तरको पत्रिकामा सुचना प्रकाशन गरि तोकेको बिक्रि मुल्यमा मालसामान सोझै खरिद गर्न सकिने र नियम ८५ (१ख) बमोजिम एक आर्थिक बर्षमा एकै पटक वा पटकपटक गरि सिमा भन्दा बढि रकमको एउटै फर्म वा संस्थाबाट सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यस बर्ष निम्नानुसार औषधी खरिद गर्दा एक आर्थिक बर्षमा एउटै फर्मबाट सोझै खरिद गर्न सकिने सिमा भन्दा बढिको औषधी सोझै खरिद गरेकोले उक्त खर्च नियमसम्मत नदेखिएको बेरुजु रकम रु.६०,६१,६३७।०० को सन्दर्भमा जनस्वास्थ्य जस्तो संबेदनशिल बिषयमा टेन्डरबाट खरिद भएका औषधी अपुग हुन गएको र तत्काल खरिद नगर्दा पालिका भित्रका नागरिकहरुको स्वास्थ्यमा तत्काल प्रभाव पर्न गई थप क्षति हुन नपाओस भन्ने उद्धेश्यका साथ उल्लेखित खरिद भएको र उक्त कार्यबाट कुनै पनि व्यक्ति बिशेषलाई आर्थिक लाभ भई सरकारी हानीनोक्सानी भएको नदेखिएकोले उक्त बेरुजु रकम रु.६०,६१,६३७।०० नियमितको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

नागार्जुन नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

आर्थिक वर्ष २०८२/०८३ को मालपोत मूल्यांकन

निर्णय नं. ११ सँग सम्बन्धित

| क. नागार्जुन न.पा. (साविक स्युचाटार गा.वि.स.) वडा नं ७,९,१० पर्ने | | |
|---|---|---|
| सि.नं. | विवरण | प्रस्तावित ०८२/८३ |
| १ | स्यूचाटार हालको वडा नं. ९ र १० मुल सडक | १८००००० |
| २ | अन्य भित्री पक्की सडक | १५००००० |
| ३ | कच्ची सडक | १०००००० |
| ४ | गोरेटो बाटो | ६००००० |
| ५ | बाटो नभएको | ५००००० |

| ख. नागार्जुन न.पा. (साविक सितापाईला गा.वि.स.) | | |
|---|---|---|
| सि.नं. | विवरण | प्रस्तावित ०८२/८३ |
| १ | सीतापाईला चक्रपथ रिङरोडमा जोडिएको जग्गा | ६०००००० |
| २ | सीतापाईला भिमढुगां मुल सडकको सितापाइला खण्ड | १९००००० |
| ३ | अन्य भित्री पक्की सडक | १७००००० |
| ४ | कच्ची सडक | ११००००० |
| ५ | गोरेटो बाटो | ८००००० |
| ६ | बाटो नभएको | ५००००० |

| ग. नागार्जुन न.पा. (साविक डाडापौवा-रामकोट गा.वि.स.) वडा नं.६र ७ पर्ने | | |
|---|---|---|
| सि.नं. | विवरण | प्रस्तावित ०८२/८३ |
| ७ | सितापाईला भिमढुगां मुल सडकको रामकोट खण्ड | १८००००० |
| ८ | वडा नं. ७ सीमाना कृष्ण मन्दिर देखि नर्सरी भञ्याङ्ग मुल सडक | १४००००० |
| ९ | पक्की सडक | १०००००० |
| १० | कच्ची सडक | ८००००० |
| ११ | गोरेटो बाटो | ५००००० |
| १२ | बाटो नभएको | ३००००० |

नागार्जुन नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

आर्थिक वर्ष २०८२/०८३ को मालपोत मूल्यांकन

निर्णय नं. ११ सँग सम्बन्धित

| घ. नागार्जुन न.पा. (साविक भिमढुंगा गा.वि.स.) | | |
|---|---|---|
| सि.नं. | विवरण | प्रस्तावित ०८२/८३ |
| १३ | सितापाईला भिमढुगां धादिङ जाने मुल सडक भिमढुगां वसपार्क सम्म | ११५०००० |
| १४ | सितापाईला भिमढुगां धादिङ जाने मुल सडक भिमढुगां वसपार्क देखि धादिङ सिमाना सम्म | ६५०००० |
| १५ | भिमढुगां वसपार्क देखि भिमसेनस्थान जाने ढलान बाटो | ५५०००० |
| १६ | पक्की सडक . | ५५०००० |
| १७ | कच्ची सडक | ४००००० |
| १८ | गोरेटो बाटो | २००००० |
| १९ | बाटो नभएको | ८०००० |

| ङ. नागार्जुन न.पा. (साविक इचंगुनारायण गा.वि.स.-साविक वालाजु वडा नं. ७,८ र ९) | | |
|---|---|---|
| सि.नं. | विवरण | प्रस्तावित ८२/८३ |
| २० | सानो भर्याङदेखि तीनघरे टेक बहादुर गुरुङको गेट सम्मको पक्की सडक | २०००००० |
| २१ | ठुलो भर्याङ देखि नामगेल चोक पक्की सडक | २०००००० |
| २२ | ढुगेधारा देखि बुदचोक हुदै ह्राङ खोला सम्मको पक्की सडक | २०००००० |
| २३ | रानिवन जग्गा एकिकरण आयोजना भित्रको | २०००००० |

| वडा नं. ४,५,६,७,८ र ९ को | | |
|---|---|---|
| सि.नं. | विवरण | प्रस्तावित ८२/८३ |
| २७ | पक्की सडक | १८००००० |
| २८ | कच्ची सडक | १३००००० |
| २९ | गोरेटो बाटो | १०००००० |
| ३० | बाटो नभएको | ६००००० |

नागार्जुन नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

आर्थिक वर्ष २०८२/०८३ को मालपोत मूल्यांकन

निर्णय नं. ११ सँग सम्बन्धित

| साविक इचगु १,२,३ को | | |
|---|---|---|
| सि.नं. | विवरण | प्रस्तावित ८२/८३ |
| ३१ | स्वयम्भु चोकबाट इचगु वडा कार्यालय भवन सम्मको पक्की सडक | १५०००० |
| ३२ | ३ नं. वडा कार्यालय भवन देखि इचगुनारायण मन्दिर सम्म मुल पक्की सडक | १३२०००० |
| ३३ | अन्य भित्री पक्की सडक | ११००००० |
| ३४ | कच्ची सडक | ८००००० |
| ३५ | गोरेटो बाटो | ४५०००० |
| ३६ | बाटो नभएको | २००००० |

नागार्जुन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिसिद्धि, सितापाइला

## खरिद गुरु योजना (बहु बर्षिय ठेक्का स्वीकृती)

२
आयोजना/कार्यालय : नागार्जुन नगरपालिका
र गरिएको आ.ब. र कार्यालय प्रमुखको नाम : आ.व २०८१-८२

| योजनाको नाम , ठेक्का विवरण | खरिदको प्रकार (मालसामान,निर्माण कार्य , परामर्श सेवा , अन्य सेवा ) | खरिद योजना (अनुमानित / वास्तविक) | खरिद बिधि | खरिदको संक्षिप्त बिवरण | अनुमानित लागत | अधिकतम प्रतिस्पर्धाको लागि: टुक्रयाईने वा प्याकेज | अधिकतम प्रतिस्पर्धाको लागि: संक्षिप्त बस्तुगत आधार | अधिकतम प्रतिस्पर्धाको लागि: प्याकेज संख्या | सम्झौताको किसिम (अनुसूची ३,४,५ मा उल्लेख भएको मध्ये कुनै एक ) | | बार्षिक खरिद: पहिलो आ.ब.(२०८१-८२) | बार्षिक खरिद: दोश्रो आ.ब.(२०८२-८३) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | | १३ | १४ | १८ |
| Nagarjun/NCB/W/47/2081-82 Ward No. 5 Mul Sadak- Ghattepakha- Bhadramati-Aadeshwor Sadak Starronnati | निर्माण कार्य | सुरुको | ठेक्का | | रू.१,५३,२२,९९६.२४ | N/A | N/A | N/A | Contract agreement | लक्ष्य | रू.०.०० | रू.१,५३,२२,९९६.२४ | |
| Nagarjun/NCB/W/48/2081-82 Ward No.6 Different Road Upgrading Works | निर्माण कार्य | सुरुको | ठेक्का | | रू.५१,३५,२३३.१८ | N/A | N/A | N/A | Contract agreement | लक्ष्य | रू.०.०० | रू.५१,३५,२३३.१८ | |
| Nagarjun/NCB/W/49/2081-82 Ward No.7 ko Bivinna Samudayik Bhawan finishing garne karya | निर्माण कार्य | सुरुको | ठेक्का | | रू.६२,९०,९५७.८९ | N/A | N/A | N/A | Contract agreement | लक्ष्य | रू.०.०० | रू.६२,९०,९५७.८९ | |
| Nagarjun/NCB/W/50/2081-82 Bhadramati Sadak Tatha Culvert Nirmaan Ward No.3 | निर्माण कार्य | सुरुको | ठेक्का | | रू.६०,१३,०८८.२३ | N/A | N/A | N/A | Contract agreement | लक्ष्य | रू.०.०० | रू.६०,१३,०८८.२३ | |
| Nagarjun/NCB/W/51/2081-82 Ward No.8 Pakhure Sichai Kulo Tatha Khanepaani Muhan Samraxan Karya | निर्माण कार्य | सुरुको | ठेक्का | | रू.४२,६२,०८७.७४ | N/A | N/A | N/A | Contract agreement | लक्ष्य | रू.०.०० | रू.४२,६२,०८७.७४ | |
| Nagarjun/NCB/W/52/2081-82 Badrinarayan Dham Hawan Kunda Nirman Ward No.7 | निर्माण कार्य | सुरुको | ठेक्का | | रू.४६,६७,२३५.४५ | N/A | N/A | N/A | Contract agreement | लक्ष्य | रू.०.०० | रू.४६,६७,२३५.४५ | |

नागार्जुन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिसिद्धि, सितापाइला

## खरिद गुरु योजना (बहु बर्षिय ठेक्का स्वीकृती)

आयोजना/कार्यालय : नागार्जुन नगरपालिका
र गरिएको आ.ब. र कार्यालय प्रमुखको नाम : आ.व २०८१-८२

| योजनाको नाम , ठेक्का विवरण | खरिदको प्रकार (मालसामान,निर्माण कार्य , परामर्श सेवा , अन्य सेवा ) | खरिद योजना (अनुमानित / वास्तविक) | खरिद बिधि | खरिदको संक्षिप्त बिवरण | अनुमानित लागत | अधिकतम प्रतिस्पर्धाको लागि: टुक्र्याईने वा प्याकेज | संक्षिप्त वस्तुगत आधार | प्याकेज संख्या | सम्झौताको किसिम (अनुसूची ३,४,५ मा उल्लेख भएको मध्ये कुनै एक ) | | बार्षिक खरिद: पहिलो आ.ब.(२०८१-८२) | दोश्रो आ.ब.(२०८२-८३) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | | १३ | १४ | १८ |
| Nagarjun/NCB/W/53/2081-82 Ward No.6 ko Bibhinna Samudayik Bhawan Finishing Garne Karya | निर्माण कार्य | सुरुको | ठेक्का | | रू.९४,१५,८१४.६४ | N/A | N/A | N/A | Contract agreement | लक्ष्य | रू.0.00 | रू.९४,१५,८१४.६४ | |
| Nagarjun/NCB/W/54/2081-82 Ichhadole and Ramkot Park Ward No.6 | निर्माण कार्य | सुरुको | ठेक्का | | रू.२३,६६,३७७.४० | N/A | N/A | N/A | Contract agreement | लक्ष्य | रू.0.00 | रू.२३,६६,३७७.४० | |
| Nagarjun/NCB/W/55/2081-82 Trinetreshwor mandir Nirman Ward No.2 | निर्माण कार्य | सुरुको | ठेक्का | | रू.३९,३६,४६१.४६ | N/A | N/A | N/A | Contract agreement | लक्ष्य | रू.0.00 | रू.३९,३६,४६१.४६ | |
| Nagarjun/NCB/W/56/2081-82 Fasku Chowk, Ghattekhola hudai Nursery Bhanjyang Sadak Staronnati | निर्माण कार्य | सुरुको | ठेक्का | | रू.८,१५,७७,६४३.९६ | N/A | N/A | N/A | Contract agreement | लक्ष्य | रू.0.00 | रू.८,१५,७७,६४३.९६ | |
| | | | | | | | | | | | 0.00 | १३,८९,८७,८९६.१९ | |
| | | | | जम्मा | १३,८९,८७,८९६.१९ | | | | | | | | |